# खरको छाना विस्थापन तथा अति विपन्न परिवारका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०७७

नगर कार्यपालिकाको बैठकबाट पारित मिति : २०७७/०९/१२


भूमिकास्थान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# खरको छाना विस्थापन तथा अति विपन्न परिवारका लागि जस्तापाता वितरण कार्यविधि, २०७७

**प्रस्तावना** : आगलागि तथा अन्य जोखिमलाई न्यूनिकरण गरी भूमिकास्थान नगरपालिकाका नगरवासीहरुलाई सुरक्षित छानायुक्त घरमा रुपान्तरण गर्ने प्रयोजनका लागि संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाको आफ्नै स्रोतबाट जस्तापाता व्यवस्थापन गरी भूमिकास्थान नगरपालिकालाई खरको छानामुक्त बनाउने अभिप्रायका साथ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन, २०७५ बमोजिम यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यविधिको नाम "**खरको छाना विस्थापन तथा अति विपन्न परिवारका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०७७**" रहेको छ ।

१.२ यो कार्यविधि भूमिकास्थान नगरपालिकाको कार्यपालिकाको बैंठकले पारित गरी राजपत्रमा प्रकाशन भएपछि लागि हुनेछ ।

२. परिभाषा :

क) "सुरक्षित छाना" भन्नाले खरको छानाको सट्टा जस्तापाता युक्त छानालाई बुझाउनेछ ।

ख) "व्यवस्थापन समिति" भन्नाले खरको छानामुक्तका लागि जस्तापाता वितरण गर्ने प्रयोजनका लागि गठित समितिलाई बुझाउने छ ।

ग) "वडा कार्यालय" भन्नाले भूमिकास्थान नगरपालिका भित्रका वडा कार्यालयहरुलाई संझनु पर्दछ ।

घ) "नगरपालिका" भन्नाले भूमिकास्थान नगरपालिकालाई जनाउनेछ ।

ङ) "समय सीमा" भन्नाले जस्तापाता वितरण, प्रयोग एवं व्यवस्थापनको लागि जारी गरिएको समयलाई जनाउनेछ ।

च) "घर" भन्नाले कुनैपनि व्यक्ति/परिवार गोठको एकभागमा चुलोचौको गरी बस्ने परिवार समेतलाई जनाउने छ ।

छ) "अति विपन्न परिवार" भन्नाले न्यून आय भएका बार्षिक ३ महिना खान नपुग्ने घर परिवार समेतलाई जनाउने छ ।

३. उद्देश्य : यस कार्यविधिको उदेश्य देहायबमोजिम रहेको छ :

३.१ भूमिकास्थान नगरपालिकाभित्र निर्मित खरको छाना विस्थापन गरी नगरवासीलाई सुरक्षित आवासको प्रत्याभूति दिने ।

३.२ खरको छाना विस्थापन गरी विपद् व्यवस्थापन एवं सोको न्यूनिकरणमा टेवा पुऱ्याउने ।

## परिच्छेद २
## व्यवस्थापन समिति

४. खरको छाना मुक्त गर्ने प्रयोजनका लागि देहायबमोजिमका समितिहरु रहनेछन् ।

४.१ नगरस्तरीय व्यवस्थापन समिति : जस्तापाता वितरणका लागि देहाय बमोजिमको नगरस्तरीय व्यवस्थापन समिति रहनेछ :

क) नगर प्रमुख : संयोजक
ख) नगर उपप्रमुख : सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य
घ) संयोजक सामाजिक विकास समिति : सदस्य
ङ) संयोजक पूर्वाधार विकास समिति : सदस्य
च) संयोजक आर्थिक विकास समिति : सदस्य
छ) संयोजक लेखा समिति : सदस्य
ज) योजना शाखा प्रमुख : सदस्य
झ) दलित अल्पसंख्यक पिछडिएको वर्गको प्रतिनिधित्व गर्ने गरि नगरप्रमुखले तोकेको १ जना कार्यपालिकाको सदस्य : सदस्य
ञ) जिन्सी शाखा प्रमुख : सदस्य
ट) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी : सदस्य सचिव

४.२ नगरस्तरीय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) खरको छाना मुक्त गराउने अभियानको लागि लाभग्राहीहरुको पहिचान गर्ने ।
ख) वडातहमा लाभग्राहीको निवेदन संकलन गर्ने व्यवस्था मिलाउने ।
ग) वडामा संकलन भएका निवेदनहरु नगरपालिकामा जम्मा गरी प्राथमिकीकरण गर्ने ।
घ) कर्कटपाता प्राप्त गर्ने लाभग्राहीहरुको प्राथमिकीकरण, छनोट गरी नामावली प्रकाशन गर्ने ।
ङ) छनोट भएका लाभग्राहीहरुको नाम नामेसी वडामा पठाउने ।
च) कर्कटपाता वितरणको लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
छ) कर्कटपाता वितरणसम्बन्धी कार्यहरुको निरीक्षण अनुगमन गरी प्रतिवेदन तयार गर्ने र कार्यपालिकाको बैंठकमा पेश गर्ने ।

४.३ वडा स्तरीय व्यवस्थापन समिति : खरको छाना मुक्त नगरपालिका बनाउने प्रयोजनका लागि नगरपालिकाका १० वटै वडाहरुमा देहाय बमोजिमको वडास्तरीय व्यवस्थापन समिति रहनेछ :

क) सम्बन्धित वडाको वडा अध्यक्ष : संयोजक
ख) सम्बन्धित वडाका वडा सदस्यहरु : सदस्य
ग) सम्बन्धित वडाको वडा सचिव : सदस्य सचिव

समितिले आवश्यक ठानेमा बढिमा ३ जना सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई आमन्त्रितको रुपमा बैंठकमा बोलाउन सक्नेछ ।

४.४ वडा स्तरीय कर्कटपाता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) माग संकलनका लागि सूचना सम्प्रेषण गर्ने ।

ख) लाभग्राहीहरुको निवेदन संकलन गर्ने ।

ग) वडा तहमा संकलित निवेदनहरुको प्राथमिकीकरण गरी तोकीएको समयभित्र नगरपालिकामा पठाउने ।

घ) जस्तापाताका लागि छनोट भएका लाभग्राहीहरुलाई समयमा नै जस्तापाता वितरण गर्ने ।

ङ) जस्तापाता वितरणको अनुगमन गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ३ :
## जस्तापाता वितरण प्रक्रिया

५. जस्तापाता प्राप्तिका लागि योग्य लाभग्राही : जस्तापाता प्राप्त गर्नका लागि निम्न योग्यता पुगेका परिवार वा व्यक्ति प्राथमिकीकरणका लागि योग्य मानिने छन् ।

५.१ एकल महिला घरमूली रहेका परिवारको कुनैपनि सदस्यको दीगो आम्दानीको श्रोत नभएको ।

५.२ पूर्ण अपांगता रहेका घरमूली वा परिवारका अन्य सदस्य पूर्ण अपांग भै आयआर्यजनको दीगो स्रोत नभएका ।

५.३ अल्पसंख्यक पिछडीएका दलित जनजाति र आर्थिक अवस्था कमजोर रहेका घरपरिवारहरु

५.४ आर्थिक अवस्था कमजोर रहेका भनी वडा कार्यालयले सिफारिश गरेका घरपरिवार ।

५.५ उल्लेखित प्राथमिकता प्राप्त लाभग्राहीले कर्कटपाताको सेवा प्राप्त गरेपश्चात प्राथमिकताको आधारमा अन्य लाभग्राहीहरुलाई कर्कटपाता वितरण गरिने छ ।

६. जस्तापाताको लागि अयोग्य लाभग्राही : देहायको अवस्था भएका लाभग्राहीहरु जस्तापाता प्राप्त गर्न योग्य मानिने छैनन् :

६.१ परिवारको कुनैपनि सदस्य नेपाल वा विदेशमा स्थायी रोजगारीमा संलग्न रहेको ।

६.२ दीगो आम्दानी हुने प्रकृतिको पेशा व्यवसायमा संलग्न रहेको घरपरिवार ।

६.३ भूमिकास्थान नगरपालिकाभित्र स्थायी ठेगाना भै हाल नगरपालिका बाहिर अन्य स्थानमा घरबास गरी बसेको घरपरिवार

६.४ दफा ५ को उपदफा ५.५ को हकमा बाहेक यो कार्यविधि पारित हुनु अघिनै पक्की, अर्धपक्की, कच्ची टिन, ढुंगा र टायलको छानायुक्त घरनिर्माण गरिसकेको घरपरिवार यस कार्यक्रममा संलग्न हुन पाउने छैन ।

६.५ एउटै व्यक्ति वा घरपारिवारका दुई वा दुईभन्दा बढी खरको छानायुक्त घरभएमा एक घरको लागि मात्र कर्कट पाता उपलब्ध हुनेछ ।

६.६ खरको छाना भएको मान्छे नबस्ने खाली घरका लागि जस्तापाता उपलब्ध गराइने छैन ।

## परिच्छेद ४
## विविध

७. कर्कटपाताको प्राप्तीको परिमाण :

क) खरको छाना भएको घरको बनावट र क्षेत्रफलको आधारमा प्राविधिक लागत अनुमान बमोजिम बढिमा ४ बण्डल जस्तापाता उपलब्ध गराईनेछ ।

८. कर्कटपाता तोकिएको समयभित्र उपयोग नगरेमा वा अनुगमनको क्रममा दुरुपयोग गरेको पाईएमा नगर कार्यपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने कार्यक्रम सहायता उपलब्ध गराउन बाध्य हुनेछैन ।

९. अनुगमनको क्रममा लाभग्राहीले समयसीमा भित्र कर्कटपाताले घरछाउने काम नगरी जस्तापाता त्यसै राखेको पाइएमा वडाकार्यालयले जस्तापाता फिर्ता गरी प्राथमिकतामा रहेका अन्य लाभग्राहीलाई वितरण गर्नेछ ।

१०. कर्कटपाताको लागि लाभग्राहीले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क) अनुसूचि १ बमोजिमको निवदेन ।

ख) अनुसूची २ बमोजिमको प्रतिवद्धता पत्र ।

ग) नेपाली नगरिकता प्रमाण पत्रको प्रतिलिपी ।

घ) एकल महिला र अपांगतासम्बन्धि प्रमाणपत्र ।

ङ) घरमा जस्तापाता लगाउनु अघि र लगाई सकेपछिको फोटो ।

११. खरको छाना विस्थापन गरी परम्परागतरुपमा निर्माण भएको घरलाई नयाँ रुप दिई निर्माण गरेमा दफा ७ को क मा उल्लेख भए बमोजिमको परिमाण लाभग्राहीले प्राप्त गर्नेछन् र सो भन्दा बढि परिमाणको आवश्यकता भएमा स्वयंले नै व्यहोर्ने छ ।

१२. यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधानहरु प्रचलित ऐन, कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः खारेज भई प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची १
( परिच्छेद ४, १० को (क) सँग सम्बन्धित )

लाभग्राहीले जस्तापाता प्राप्तीका लागि दिने निवेदनका ढाँचा

मिति : )))))))))

श्रीमान् वडा अध्यक्ष ज्यू,
भूमिकास्थान नगरपालिका वडा नं......., अर्घाखाँची ।

प्रस्तुत बिषयमा भूमिकास्थान नगरपालिकाको खरको छाना विस्थापन गर्ने अभियान अन्तर्गत मेरो तपसिल बमोजिमको ब्यहोरा भएको घर छाउनका लागि नियमानुसार जस्तापाता उपलब्ध गराईदिनुहुन संलग्न कागजात सहित अनुरोध गर्दछ ।

घरको ब्यहोरा :
लम्बाई : .............. मीटर,
चौडाई : ................ मीटर

नोट : घरले ओगटेको गारोको मात्र नाप लिने ।
संलग्न कागजातहरु
१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. परिचय पत्रको प्रतिलिपी (एकल महिला र अपाङ्ग घरमूलीको हकमा)

निवेदक
...................................
नाम :
सही :
ठेंगाना :
फोन नं.:

वडाको सिफारिस :

श्री संयोजक ज्यू,
जस्तापाता ब्यबस्थापन समिति,
भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची ।

उल्लेखित ब्यहोराको लाभग्राहीलाई जस्तापाता उपलब्ध गराईदिनुहुन सिफारिस गर्दछु ।

...................
वडा अध्यक्ष

प्राबिधिकको राय :
माथि उल्लेखित घरको लम्बाई : ......... मीटर,चौडाई : ........... मीटर भएको हुँदा निजलाई ............. थान जस्तापाता उपलब्ध गराउन मनासिव देखि पेश गरेको छु ।

अनुसूची २
( परिच्छेद ४, १० को (ख) सँग सम्बन्धित )

लाभग्राहीले जस्तापाता प्राप्तीका लागि दिने प्रतिबद्धता पत्रको ढाँचा

मिति : )))))))))

श्रीमान् वडा अध्यक्ष ज्यू,
भूमिकास्थान नगरपालिका वडा नं......., अर्घाखाँची ।

प्रस्तुत बिषयमा भूमिकास्थान नगरपालिकाको खरको छाना विस्थापन गर्ने अभियान अन्तर्गत मैले भूमिकास्थान नगरपालिकाबाट अनुदानमा प्राप्त गर्ने जस्तापाताले नगरपालिकाले तोकेको समय सीमा भित्रै घर छाउने कार्य सम्पन्न गर्नेछु । तोकिएको समयमा घर छाउने काम सम्पन्न नगरेमा वा तहाँबाट उपलब्ध गराइएको जस्तापाता हिनामिना गरेमा मेरो जायजेथाबाट असुल उपर गर्न म मञ्जुर छु । ब्यहोरा साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

कबुलियत गर्ने :
भूमिकास्थान नगरपालिका, वडा नं......, टोल : ........................................... बस्ने .......... को नाती श्री .................................... को छोरा बर्ष .......... को श्री .......................... ।

हस्ताक्षर :

मिति :